## प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७७ साल ज्येष्ठ २८ गते बुधवार बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेका निर्णयहरू —**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | सामाजिक विकास मन्त्रालय | "विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिका, २०७७" स्वीकृत गर्ने। |
| २. | सामाजिक विकास मन्त्रालय | प्रोत्साहन भत्ता र कदर स्वरूप प्रदान गर्नुपर्ने क्षतिपूर्तिको रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले सामाजिक विकास मन्त्रालयलाई निकासा दिने र होटल बास/ खाजा/खाना बापतको रकम सामाजिक विकास मन्त्रालयको नियमित बजेटबाट आवश्यकता अनुसार रकमान्तर गरी व्यवस्थापन गर्ने। |
| ३. | सामाजिक विकास मन्त्रालय | मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिबाट परिमार्जित "प्रदेश सार्वजनिक सडक तथा परिवहन पूर्वाधारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गर्न स्वीकृति दिने सम्बन्धमा। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७७ साल ज्येष्ठ १२ गते सोमवार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेका निर्णयहरू –**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | माननीय प्रदेश प्रमुखबाट प्रदेश सभाको मिति २०७७/०२/१३ गते दिनको ११.०० बजेको बैठकमा सम्बोधन हुने प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम पारित गरी माननीय मुख्यमन्त्रीज्यू मार्फत माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश गर्ने। |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय | आ. व. २०७७/७८ को लागि विनियोजन विधेयक, २०७७ का सिद्धान्त र प्राथमिकता स्वीकृति गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७७ साल ज्येष्ठ ५ गते सोमवार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णयहरू –**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभाको छैठौं अधिवेशन मिति २०७७/०२/१२ गते सोमवार दिनको ४:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष अनुरोध गर्ने। |
| २. | भौतिक पूर्वाधार विकास मन्त्रालय | बागमती प्रदेशको प्रदेश गौरव तथा गेम चेन्जर आयोजनाको रूपमा रहेको मदन भण्डारी मार्ग अन्तर्गतको पोष्ट बहादुर बोगटी सुरुङ्गमार्ग (भीमफेदि कुलेखानी सुरुङ्गमार्ग) निर्धारित समयमा सम्पन्न गर्न आयोजनाको आर्थिक स्रोत व्यवस्थापनको लागि राष्ट्रिय योजना आयोगमा पहिलो प्राथमिकता (Priority 1 (P1)) परियोजनाको रूपमा समावेश गरी संघीय सरकारको सह-लगानीमा निर्माण गर्नको लागी नेपाल सरकारलाई प्रस्ताव गरी पठाउने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।